हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ६ मितिः २०७९।०२।०३

## भाग- ३

# हेटौंडा उपमहानगरपालिका सहकारी नियमावली, २०७७ को दोश्रो संशोधन, २०७९

प्रमाणीकरण मितिः२०७९।०२।०३

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका सहकारी नियमावली, २०७७ संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो नियमावली संशोधन जारी गरेको छ।

**१ संक्षिप्त नाम र प्रारम्भः** यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका सहकारी नियमावली २०७७ को दोश्रो संशोधन २०७९" रहेको छ।

**२ हेटौंडा उपमहानगरपालिका सहकारी नियमावली २०७७ को नियम ६. (२) क. संशोधनः** विस्तार गरिने प्रत्येक वडामा कम्तिमा संस्था दर्ता हुँदा आवश्यक पर्ने संख्या बराबरको सदस्यहरुको हस्ताक्षर सहितको सेवा माग निवेदन र निजहरुको नागरिकताको छाँयाकपी पेश भएको हुनुपर्नेछ।सदस्यहरुको हस्ताक्षर सहितको सेवा माग निवेदन र निजहरुको नागरिकताको छाँयाकपी संकलन गर्न सम्बन्धित सहकारी संस्थालाई प्रति वडा वढिमा पन्ध्र दिनका दरले गणना हुँदा कायम हुने समय उपलब्ध गराईनेछ र सम्बन्धित वडामा सो काम गर्न कार्यालयले अवधि तोकि अस्थायी अनुमती पत्र प्रदान गर्नेछ। सम्बन्धित सहकारी संस्थालाई यस बमोजिम दिइएको अनुमती पत्र तोकिएको अवधि व्यतित भए पश्चात स्वतः रद्द हुनेछ।

आज्ञाले
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१२।१६

हेटौंडा राजपत्र